मादी नगरपालिका

# नगरसभा, एघारौ अधिबेशन २०७९

## आ.ब.०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम

प्रस्तुत मिति : २०७९/०३/१०

मादी नगरपालिकाको गौरव पुर्ण यो नगरसभाको एघारौ अधिबेशनमा उपस्थित सम्पूर्ण नगरसभा सदस्यज्युहरु, प्रमुख प्रशासकीय अधिकृत एबम कर्मचारी साथीहरु सबैमा नगर प्रमुखको हैसियतले स्वागत अभिवादन ब्यक्त गर्दछु ।

मादी नगरपालिकाको यो गौरब पूर्ण नगरसभाको एघारौ अधिबेशनमा आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्न पाउँदा गौरवान्वित छु ।

सर्बप्रथम नेपालको समग्र विकास र परिवर्तनको लडाईंमा आफ्नो जीबन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भाबपुर्ण श्रदाञ्जली अर्पण गर्दछु । स्थानीय तह सदस्य निर्वाचन २०७९ को निर्वाचनमा सहभागी सम्पुर्ण राजनीतिक दल, संघसस्था, बुद्धिजिवि, लगायत सम्पुर्ण नगरबासीहरुमा हार्दिक धन्यवाद एवम् आभार ब्यक्त गर्दछु ।

आज हामी नेपालको संबिधान २०७२ ले तीन तहको सरकारको संवैधानिक व्यवस्था अनुसार स्थानीय सरकारको रूपमा हामी दोस्रो सरकारको कार्याकाल सुरूवात गरेका छौं । मुलत: हामी नेपालको संविधान, केन्द्र सरकार, प्रदेश सरकारको मार्गदर्शन र नीति कानुनको परिधिभित्र रहि हाम्रो पालिकाको आवश्यकता बमोजिम स्थानीय सरकार सञ्चालन गर्नुपर्ने हुन्छ ।

**सभा सदस्य ज्यूहरू,**

प्रथम सरकारले यस भन्दा अगाडिको कार्याकाल पूरा गरिसकेको यहाँहरूलाई विदितै छ । स्थानीय सरकारको रूपमा प्रथमपटक गठित सरकारले नयाँ अभ्यासमा विभिन्न जटिलता र चुनौतिहरूको बाबजुद नगरपालिकाको समग्र सेवा प्रवाह र विकासका आयामहरूमा भएका उपलब्धिका लागि नगर प्रमुख लगायत सम्पूर्ण जनप्रतिनिधिहरुमा आभार व्यक्त गर्दछु ।

**सभा सदस्यज्यूहरु,**

वर्तमान समय लोकतन्त्र र लोककल्याणकारी राज्यको अवधारणा, विकासका तिव्र लहर, सरल र सुलभ आधुनिक प्रविधिमैत्री सेवा प्रवाहका वर्तमान परिप्रेक्ष्यमा हाम्रो सामु धेरै अपरीहार्यताका बाबजुद उपलव्ध स्रोत साधनको समुचित उपयोग गरी उच्चतम प्रतिफल हासिल गर्नुपर्ने हुन्छ । हालसम्मका हाम्रा उपलब्धि र वर्तमान अवस्थालाई संक्षिप्त रूपमा चित्रण गर्न चाहन्छु ।

- मूख्य सडक, ग्रामीण तथा कृषिक सडक सञ्जालले करीव ९०% बस्ति जोडिसकेको छ भने मूख्य सडक मध्ये राममन्दिर-ओखरबोटे सडक खण्ड कालोपत्रे कार्य सम्पन्न भईसकेको छ। ओखरबोटे-मूलखर्क-मंगलबारे सडक खण्ड, ओखरबोटे-मावादीन-फाविङ सडक खण्ड लगायत सडकखण्डहरू स्तरोन्नति गर्ने क्रम निरन्तर भईरहेको छ।

- कृषी उपज उत्पादन र उत्पादकत्वमा आधुनिक प्रविधिमैत्री र व्यवसायिकता तर्फ उन्मुख छौं, पशुपालनतर्फ व्यवसायिकतामा विकास गर्दै पशुपंक्षिहरूको रोग बाधाको पर्याप्त उपचारको व्यवस्था गर्न प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरिएको छ। गुँरासको राजधानी तिनजुरे मिल्के क्षेत्रको ठुलो क्षेत्र समेटिएको हुँदा मादी नगरपालिकाको मादी नगरमात्र नभई प्रदेश सरकारको प्रमुख पर्यटकीय केन्द्रको रूपमा विकास गर्न स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकार सँग समन्वय र साझेदारीमा विकास गर्ने पहलकदमी गरिएको छ। बैंक तथा वित्तिय संस्था को सञ्चालन र विकासमा जोड दिईएको छ।

- विद्यालयका पूर्वाधार व्यवस्थापन, व्यवस्थापकीय पक्ष, शैक्षिक गुणस्तर, प्रविधिमैत्री शिक्षा प्रणाली, शिक्षक र विद्यार्थिलाई प्रोत्साहन लगायत समग्र शिक्षा प्रणालिमा जोड दिईएको छ।

- नगरपालिकाले सम्पूर्ण वडामा आधारभुत स्वास्थ्य केन्द्रको स्थापना गरी भवन निर्माण गरिसकेको छ, जसबाट जनताले प्रत्यक्ष स्वास्थ्य सेवाको अनुभुत गरिरहेका छन्। न्यायपुर्ण समाज र न्यायपुर्ण पालिका निर्माणका लागि विपन्न र असहाय व्यक्ति र समुदायको उत्थानमा प्रोत्साहनपुर्ण कार्यक्रम सञ्चालन गरिएको छ। पञ्चे बाजा, नौमति बाजाको संरक्षणका लागि नगरपालिकाले अनुदान दिईएको छ भने सबै भाषा, धर्म, कला सस्कृति संरक्षणका लागि विविध कार्यक्रमहरू सञ्चान गरिएको छ।

- वडा स्तरीय, विद्यालय स्तरीय, पालिका स्तरीय, प्रदेश स्तरीय विभिन्न खेलकुद कार्यक्रमहरू सञ्चालन गरिएको छ।

- स्वच्छ र स्वस्थ्य खानेपानी उपलब्धताको लागि प्रत्येक घर धुरीलाई प्रदान गर्ने ग्यारेण्टि गरिएको छ।

सभा सदस्य ज्यूहरू:

अब म आ.ब.०७९/०८० को प्रस्तावित नीति तथा कार्यक्रम सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

मादी नगरको गौरवको आयोजना:

१. नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपुर्ति गर्न गरिबीको रेखामुनी रहेका घर परिवारको सुरक्षित आवास निर्माण गर्न पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणका लागि आवस्यक रकमको व्यवस्था गरिने छ ।

२. ओखरबोटे-मुलखर्क-मंगलबारे र ओखरबोटे-मवादीन-फबिङ सडकलाई सार्बजनिक बस तथा अन्य यातायातका साधनहरु बाह्रै महिना संचालन हुने गरि सडक स्तरोन्नति गर्न आबश्यक बजेटको व्यवस्था गरेको छु ।

**सभा सदस्यज्युहरु,**

**अब म बिषयगत रुपमा आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।**

**१. आर्थीक विकास तर्फ :**

१.१. कृषि र खाद्य सुरक्षा :

- कृषिलाई आधुनिकिरण, व्यवसायीकिकरण बनाउनका लागि आबश्यक तालिम, यन्त्र, उपकरण उपलब्ध गराउने साथै भ्रमण अवलोकन गर्ने व्यवस्था मिलाईनेछ ।
- नगरपालिका भित्र संचालित कृषि समूह, कृषि फर्म तथा कृषकहरुको उत्पादन र उत्पादकत्वमा अभिबृद्धि गर्न आवश्यक नीति,कार्यक्रम र कार्यविधि वनाई नीतिगत र रकमको सहयोग गर्दै व्यवसायिकतामा जोड दिइनेछ ।
- कृषि उत्पदान बृद्धिको लागि सिजन अनुसारको तरकारी तथा फलफुलहरुको विउविजन कृषि समूह, कृषिफर्म, कृषकहरुलाई वितरण गरिनेछ ।
- कृषि उत्पदान बृद्धिको लागि मलखादहरुको पर्याप्त व्यवस्था गरिनेछ ।
- मादी नगरको बिशेषता अनुरुप सबै वडाहरुमा कृषि पकेट क्षेत्र संचालन गरि सबै वडा भित्र पकेट क्षेत्र संचालन भैरहेकोमा निरन्तरता गर्ने साथै पकेट क्षेत्र पहिचान गर्दै थप पकेट क्षेत्र घोषणा गरी उत्पादन र उपादकत्वमा वृद्धि गर्दै लगिनेछ ।
- प्रत्येक वडामा पशु सेवा प्राविधिक र कृषि प्राविधिक कर्मचारीको पर्याप्त व्यवस्था गरी प्रत्येक घर धुरीमा गई सेवा प्रवाह गर्ने व्यवस्था गरिनेछ ।
- स्वस्थ्य र गुणस्तरीय खाद्य उत्पादनको व्यव्स्था गरिनेछ ।
- आयातित खाद्य वस्तुको उपभोगमा न्युनिकरण गर्दै अर्गानिक खाद्य तथा कृषि उत्पदान र उपभोगमा वढवा दिईनेछ ।
- खाद्य वस्तुको बजार अनुगमन गरि उपभोक्ताहित संरक्षण गरिनेछ ।

- नगरपालिकाभित्र उत्पादन भएका कृषि उत्पादन र उपजलाई संकलन तथा भण्डारणलाई व्यवस्थित गर्न चिस्यान केन्द्र/शीत भण्डार निर्माण गर्ने गर्न आवश्यक स्थान पहिचान गरी DPR निर्माण गर्ने साथै भौतिक संरचना निर्माणका लागि प्रदेश सरकार एवं केन्द्र सरकारसँग बजेट माग गरिनेछ ।

१.२. पशु सेवा विकास:

- गाई, भैसि लगायत पशुपक्षिहरुको औषधि उपचारमा पर्याप्त प्राबिधिक कर्मचारी र औषधि उपचारको व्यवस्था गरिनेछ ।

१.३. सिंचाई तर्फ:

- खाद्य बालि, नगदे बालि, तरकारी, फलफुल लगायतका कृषि उत्पादन र उत्पादकत्वलाई बढावा दिन पर्याप्त सिंचाईको व्यवस्था गरिनेछ ।

१.४. पर्यटन तर्फ:

- गुराँसको राजधानी तिनजुरे मिल्केलाई मादी नगरको गौरबको आयोजना घोषणा गरी प्रदेश नं. १ कै पर्यटनको क्षेत्र विकास गरी रोजगार, आय आर्जनमा वृद्धि गरिनेछ ।
- कृषि क्षेत्रको उत्पादनलाई नमुनाको रुपमा विकास गरी अवलोकन भ्रमण मार्फत पर्यटनको विकास गरिनेछ ।
- प्राकृतिक, धार्मिक, सांस्कृतिक रुपले महत्वपूर्ण स्थानहरुको पहिचान र प्रचार प्रसार गरी पर्यटन विकास गरिनेछ ।

१.५. सहकारी तथा वित्तिय सेवा:

- सहकारी तथा वित्तिय सेवा पहुँचमा बृद्धि गर्दै लगिनेछ ।
- नगर भित्रका सबै घरधुरीलाई कृषि सहकारी, वित्तिय सहकारीमा सहभागिता गरिनेछ ।
- वैक तथा वित्तिय संस्थाको सेवा पहुँच सबै वडाका घरधुरीलाई सरल र सहज रुपमा पुर्याइनेछ ।
- समाजिक सुरक्षा भत्ता उपभोग गर्ने प्रत्येक नागरिकलाई वैंकिङ कारोबार सरल र सहज रुपमा उपलब्ध गरिनेछ ।
- नगरपालिका भित्र रहेका कृषि सहकारी, वचत तथा ऋण सहकारी, बहुउद्देश्यीय सहकारी तथा अन्य सामाजिक संघ संस्थाहरुलाई थप व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सहकारी तथा अन्य सामाजिक संघ संस्थालाई समाजका व्यक्तिहरुको आर्थिक सामाजिक विकाससँग आवद्ध गराई उपयुक्त प्रस्तावपत्रका आधारमा अनुदान प्रदान गर्ने कार्यको थालनी गरिनेछ ।

- नगरपालिका भित्रका कृषि/आमा समूह, कृषी फर्म, जडिबुटी समूह/सहकारी र कृषि सहकारीहरुलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरी तिनीहरुको परिचालनबाट परम्परागत कृषि प्रणालीलाई आधुनिक र व्यवसायीक बनाउने नीति अवलम्बन गरिनेछ ।
- स्थानीय स्तरमा रहेका समूह तथा सहकारीहरुलाई एक आपसमा गाभिन (Merger) प्रोत्साहित गरिनेछ । समूह सहकारी तथा अन्य सामाजिक सामुदायिक संघ संस्थाहरुलाई आर्थिक सामाजिक साँस्कृतिक रुपान्तरणको धरोहरका रुपमा विकास गरिनेछ ।
- आमा समुहहरुको बचतकोष वृद्धिको लागि बजेटको व्यवस्था गरिने छ ।

१.६. उद्योग तर्फ:

- स्थानीय उत्पादन तथा वस्तुको साना तथा घरेलु उद्योगको स्थापना गरि औधोगिकिकरण गर्दै लगिनेछ ।

२. सामाजिक तर्फ:

२.१. शिक्षा :

- आवश्यकताका आधारमा शिक्षकको दरबन्दी मिलान गरी शिक्षक विद्यार्थी अनुपात मिलाईनेछ । उपयुक्त मापदण्ड तय गरी विद्यालय गाभ्ने (School Merger) एंव कक्षा थपघट गरिनेछ ।
- मादी नगर भित्रका सबै सामुदायिक विद्यालयहरुको बार्षिक परिक्षा नगर स्तरमा संचालन गरिनेछ साथै विद्यालयहरुको सम्पूर्ण अभिलेखलाई विद्युतिय प्रणालीमा राखी सार्वजानिक गर्ने व्यवस्था मिलाइनेछ ।
- बिद्यालयहरुमा शिक्षक दरबन्दी अभाबका कारणले अध्ययन अध्यापन गर्न कठिनाइ रहेकोले थप शिक्षकको व्यवस्था गरिनेछ ।
- प्रत्येक विषयमा उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थिहरु र विषय शिक्षकहरुलाई प्रोत्साहन तथा सम्मान गरिने कार्यक्रमको थालनी गरिनेछ ।

२.२. स्वास्थ्य तर्फ:

- स्वास्थ्य पहुँचमा जनतालाई प्रत्यक्ष सेवा प्राप्त गर्न नगर अस्पताललाई पर्याप्त जनशक्ति र स्रोत साधनको व्यवस्था, प्रत्येक वडाको आधारभूत स्वास्थ्य कार्यालयमा पर्याप्त जनशक्ति र स्रोत साधनको व्यवस्था गरिनेछ ।
- बृद्ध, अशक्त, अपाङ्ग, असहाय र विपन्न नागरिकहरुलाई स्वास्थ्य जाँच र उपचारको व्यवस्था गरिनेछ, मादी नगर अस्पतालमा फार्मेसीको लागि साथै स्वास्थ्य संस्थाहरुमा पर्याप्त औषधिको व्यवस्था गरिनेछ ।

- नगरपालिका भित्रका ज्येष्ठ नागरिकहरुको स्वास्थ्य जाँच गरी उपचार सेवा प्रदान गर्न  नगर क्षेत्र भन्दा वाहिर उपचार गर्न जाँदा यातायात खर्च सहुलियत दिने नीतिलाई निरन्तरता दिईनेछ ।
- गर्भवती महिलाहरुलाई मादी नगर भन्दा बाहिर सुत्केरी गराउन लानु पर्ने भएमा प्रदेश १ भित्रको अन्य अस्पतालहरुमा लैजानको लागि एकोहोरो एम्बुलेन्स भाडा उपलब्ध गराईने छ ।
- मादी नगर अस्पतालमा सञ्चालित स्वास्थ्य बिमा कार्यक्रममा  मादी नगर भित्रका बाँकी रहेका घर परिवारहरुलाई स्वास्थ्य बिमामा आबद्ध हुन प्रोत्साहित गरिनेछ ।
- मादी नगर भित्रका ५ लाख भन्दा कम आयश्रोत भएका बिपन्न परिवारहरुको लागि नगरको तर्फबाट निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२.३. खानेपानी तथा सरसफाई :

- मादी नगर भित्र एक डम्पिङ साइटको व्यवस्था गर्न जग्गाको खोजी तथा आवस्यक रकम को व्यवस्था गरिने छ ।
- शुद्ध पिउने पानीका स्रोतहरुको पहिचान, पुराना धारा एवं ट्याङकीहरुको मर्मत सम्भार गरी पिउने पानीको उचित व्यवस्था गर्न "मादी नगर एक घर एक धारा" कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- हरेक नागरिकको स्वस्थ वातावरणमा जिउन पाउने मौलिक हक अनुरुप मेरो घर सफा घर अभियान सञ्चालन गरिनेछ । यस वर्ष सफा र आकर्षक घरलाई पुरस्कृत गरिनेछ ।

२.४. यूवा तथा खेलकुद:

- युवाहरु माझ अनुशासित, मर्यादित, मुलुकप्रति सकारात्मक सोच र सुनौलो भविष्यको योजना सहितको भावना जागृत र ब्यवसायिक वनाउन आवश्यक पहल गरिनेछ ।
- युवाहरुमा उद्यमशिलता विकास, नेतृत्व विकास एवं समाजप्रतिको उत्तरदायित्व वोध गराउन तालिम, अभिमुखिकरण कार्यक्रमको सञ्चालन गरिनेछ ।
- हरेक वडामा निर्माण गरिएका खेलमैदानहरुको स्तरोन्नति गरि यो वर्ष नगर खेलकुद महोत्सव आयोजना गरिनेछ । अन्य स्थानीय तहहरुसँगको समन्वयमा मैत्रीपुर्ण खेलहरु सञ्चालन गरिनेछ ।
- प्रदेश स्तरिय खेलकुद कार्यक्रम संचालन गरिनेछ ।
- चौकी-मंगलबारे क्षेत्रमा हाइअल्टिच्युट खेलकुद आयोजना कार्यक्रम संचालन गरिनेछ ।

- पूर्ण बेरोजगारको अवस्थामा रहेका यूवाहरुलाई उद्यमशील बन्न स्वरोजगारमुखी सीप र ज्ञान युक्त बनाई स्वरोजगार युक्त नागरिक तयार गर्नको लागि युवाहरुलाई सिप सिकाउन नगरभित्र वा नगर बाहिर उपयुक्त तालिमकेन्द्र छनौट गरि तालिमको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

२.५.कला, भाषा, संस्कृति र पर्यटन :

- मादी नगरको पर्यटनलाई ब्यवस्थित गर्नको लागि TMJ क्षेत्रको मादी नगर भित्रका भुगोललाई समेटिने गरि मास्टरप्लान निमार्ण सहरी बिकास मन्त्रालय मार्फत भै पर्यटन मन्त्रालयबाट लागत साझेदारीमा कार्य सुरु गर्न क्रमागत बजेट समेत सुनिश्चित भईसकेको छ र सो गुराँस गार्डेन वनाउने बाताबरण सिर्जना गर्न आवश्यक वजेटको व्यवस्था गरि कार्यान्वयन थालनी गरिने छ ।
- हरेक वडामा रहेका साँस्कृतिक सम्पदाको पहिचान गरी तिनीहरुलाई सांस्कृतिक–पर्या–पर्यटन क्षेत्र(Cultural Eco Tourism Hub) को रुपमा विकास गर्ने कार्यलाई अध्ययन अनुसन्धान गरिनेछ ।
- धार्मिक, सास्कृतिक, सामाजिक तथा पर्यटकिय

२.६. सामाजिक समावेशीकरण :

- समाजका हरेक व्यक्तिको मानव अधिकारको सुनिश्चितता गरिनेछ ।
- लक्षित वर्गको आर्थिक,सामाजिक,सांस्कृतिक रुपान्तरण गर्न आय आर्जन तथा नेतृत्व विकासका उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिक तथा पूर्ण अपांगता भएका नागरिकहरुको लागि सरल जीवन व्यतित गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- चलु आ.व.मा त्रिपक्षीय सझेदारीमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम संचालन मा रहेको, नगरभरीका अपाङ्गता भएका नागरिकको पहिचान भएको र आगामी आ.व. मा तिनिहरुलाई पुनर्स्थापना तथा पुनर्लाभ गर्ने निति तथा कार्यक्रम रहेको छ ।
- बालविवाह, बहुविवाह, दाईजो प्रथा, जातिय छुवाछुत, अनमेल विवाह, बोक्सी प्रथा जस्ता सामाजिक कुरीति, कुसंस्कार एवं रुढिवादी परम्पराको अन्त्य गर्न सांस्कृतिक सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- महिला विरुद्ध हुने घरेलु हिंसा अन्त्य गर्न तथा उनीहरुको घरेलु श्रमको मौद्रिक मुल्यमा मुंल्याङ्कन गर्न जनचेतना अभिवृद्धि गर्दै आवश्यक संरचनागत व्यवस्था लागु गर्न पहल गरिनेछ ।

- महिला बालबालिका तथा अपांगता भएका व्यक्तिहरु, अल्पसंख्यक समुदायको लागि लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion-GESI) का विशेष कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

## ३. पूर्वधार विकास तर्फ:

### ३.१. अवास :

- नगर भित्रका सम्पूर्ण घरधुरीमा फुसको छाना हटाई जस्तापाता लगाउनको लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।
- नगरपालिका भित्रका हरेक वडा र टोल समेटिने गरि सामुदायिक भवनहरू निर्माण गरिनेछ ।

### ३.२. सडक, यातायात तथा पूल :

- ओखरबोटे-मुलखर्क-मंगबारे, ओखरबोटे-मावादिन-फाविङ, प्रत्येक वडा केन्द्र जोड्ने सडकलाई बाह्रै महिना संचालन हुने गरि स्तरोन्नती गरिनेछ ।
- ओखरबोटे-छहरे-मावादिन, आहाले-उम्लिङ-चौकी, महविर-रक्ते- धनसार, मानेहाट- चिरैते- महविर लगायतका प्रमुख सडकखण्डहरूको स्तरोन्नती गर्दै लगिनेछ ।
- कृषि उपज उत्पादन तथा उत्पादकत्वलाई वजारीकरण तथा ढुवानी गर्न मुख्य सडकहरु सँग जोडिने सडक खण्ड हरुलाई स्तरोन्नति गरिदै लगिनेछ ।
- अति आवश्यक भएका स्थान, वस्ती , पर्यटकीय स्थलहरु, धार्मिक स्थलहरुमा यातायतको पँहुच पुर्याउन सडक ट्र्याक ओपन र स्तर उन्नति गरिदै लगिने छ ।
- आवश्यक झोलुङ्गे पूल हरुको पहिचान गरि प्राथिकताको आधारमा झोलुङ्गे पुल निर्माणको लागी प्रदेश तथा संघ सरकारमा माग गरिनेछ ।
- वस, ट्याक्सि लगायतका सवारी साधनहरुको एकिकृत रूपमा सेवा प्रदान गर्न आवश्यक सुरक्षित र भरपर्दो वसपार्क,वस विसैनी व्यवस्था गर्दै लगिने छ ।

### ३.३ विद्युत, उर्जा, सञ्चार :

- विद्युत पँहुच नपुगेका घरधुरिलाई केन्द्रिय प्रशारण लाईन सँग जोड्न विद्युतको पोलखरिद, तथा विद्युतको पँहुचमा पुर्याईने छ ।
- लघु जलविद्युतहरुको सम्भाव्यता पहिचान गरी विद्युत उत्पदनका लागी प्रदेश, केन्द्र सरकार साथै अन्य क्षेत्र सँग सहकार्य गरी थप कार्य अघि वढाईने छ ।
- विद्युतको पहुँच पुग्न नसकेका घरधुरीहरुलाई उज्यालो मादी कार्यक्रम अन्तरगत वैकल्पिक उर्जाको रुपमा सोलर उर्जा सेट वितरण गरिनेछ ।

- चौकी, मंङगलावारे लगायतका स्थानहरुमा  सञ्चारको पँहुच नपुगेकोले उक्त स्थान हरुमा सञ्चारको विकास गर्न संघ,प्रदेश तथा सरोकारवाला निकायहरुमा पहल गरिनेछ ।
- नगरपालिका भित्रका सेवा प्रदायक कार्यलयहरुका साथै प्रत्येक घर परिवारलाई ईन्टरनेट सेवाको पहुँचमा पुर्याइनेछ ।

## ४. वातावरण तथा विपत व्यवस्थापनः

- जोखिम तथा विपद् व्यवस्थापनका लागि नगरपालिका तथा वडा स्तरमा  समिति गठन गरि विपद व्यवस्थापन समितिहरुलाई स्रोत साधनयुक्त बनाई समितिको क्षमता अभिवृद्धि गरिनेछ ।
- विपद् पूर्व, विपदको समय तथा विपद पश्चातको समयमा धन जनको क्षति कम गर्न, सकेसम्म चाँडो पुनःस्थापना गर्न जनचेतना फैलाई आवश्यक संरचनागत व्यवस्था गरी कार्यान्वयन गर्नका लागि अन्य गैर सरकारी संस्थाहरुसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- विपद्, प्राकृतिक प्रकोप तथा महामारीको अवस्थामा नागरिकलाई तत्काल राहत उपलब्ध गराउन प्राकृतिक विपद् सहायता कोष मार्फत आवश्यक राहत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- सम्भावित जोखिमका क्षेत्रमा क्षति कम गर्ने तथा पुनःस्थापनाका लागि हरेक वडामा आपतकालिन सुरक्षा केन्द्रहरु स्थापना गर्न अध्ययन गरिनेछ ।
- बजार क्षेत्र लगायत वस्तिहरूमा सम्भावित आगलागि को जोखिमबाट बच्न फायरिङ ग्यास को व्यवस्था गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनको लागी डम्पिङ साईटको पहिचान गरी फोहोर व्यवस्थापन गरिनेछ ।
- बजार क्षेत्रमा ढल निकासको लागी उपयुक्त आवश्यक ढल व्यवस्थापन गरिनेछ ।
- घरबाट निस्किने फोहोरमैलाको व्यवस्थापन गर्न कुहिने र नकुहिने फोहोरमैलाको वर्गिकरण गरी प्रत्येक घरधुरीलाई सझेदारीमा डस्टविनको व्यवस्था र सचेतना जागरण गरिदै लगिनेछ ।
- सार्वजनिक स्थान,वजार क्षेत्र, सडकको आसपासमा भुक्षयको जोखिम भएका स्थानमा बृक्ष रोपणको कार्यक्रम अगाडी बढाईनेछ ।
- सार्वजनिक वन, समुदायीक वन, निजि वन र वनजन्य उत्पादनहरुको संकलन र उपयोगमा सरोकारवाला निकायहरुलाई आवश्यक समन्वय तथा निर्देशन गरि संरक्षण गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास तर्फः

- पालिकाबाट प्रदान गरिने सेवा प्रवाह र विकासको लागी नीति,कानून,कार्यविधि, मापदण्ड तयार गरि कार्यन्वयन गरिनेछ ।
- नगरकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट प्रदान गरिने सेवालाई सरल, सहज र सुलभ ढङ्गले उपलव्ध गराईनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी जवाफदेही तथा प्रविधिमैत्री बनाइनेछ । भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ ।
- कर्मचारीहरुको सेवा प्रवाह प्रतिको तदारुकतालाई वृत्ति विकाससँग आवद्ध गरिनेछ । कार्यसम्पादनका आधारमा प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्रका सरकारी निकायहरुमा नागरिक वडापत्रलाई दैनिक सेवा प्रवाहमा जोडिनेछ ।
- सरकारी, गैरसरकारी, सामाजिक संघसंस्थाहरुको वजेट तथा कार्यक्रमलाई नगरपालिकाको वार्षिक बजेट, योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण गरी सहकार्य तथा समन्वयमा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- अत्याधुनिक प्रविधिको प्रयोग गर्नुपर्ने र उच्च लागत अनुमान रहेका आयोजनाहरु बाहेकका आयोजनाहरु उपभोक्ता समिति, सहकारी संस्थाहरु, सामुदायिक संस्थाहरु मार्फत कार्यान्वयन गरिनेछ । उपभोक्ता समितिहरुको कार्यमा थप प्रभावकारीता ल्याउन अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ साथै १०% लागत सहभागितालाई अनिबार्य गरिने छ ।
- सूचना प्रविधिलाई सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणमा आवद्ध गराउँदै ज्ञानमा आधारित समाज (Knowledge Based Society) निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगरपालिका भित्र सञ्चालन हुने सम्पुर्ण योजना तथा कार्यक्रमहरूको वस्तुगत अनुगमन गरिनेछ ।

**६. उद्योग, वाणिज्य र उद्यमशिलताः**

- नगरपालिका भित्र उत्पादनमुलक व्यवसाय सञ्चालन गरी उद्यमशीलता विकास गर्न प्रोत्साहन अनुदान एवं लागत साझेदारीको लागि बजेट बिनियोजन गरिने छ ।
- गरीवी निवारणका लागि लघ्यु उद्यम विकास कार्यक्रमलाई संचालन गरिने छ । यस बर्षमा सो कार्यक्रमबाट नयाँ लघु उद्यमी सिर्जना गरिनेछ र नगरपालिका बाट समेत यसलाई थप गर्दै लैजाने कार्यक्रम रहेको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत मादी नगर भित्रका सुचिकृत बेरोजगार व्यक्तिहरुलाई न्युनतम १०० दिनको रोजगारी प्रदान गरी उपलब्धिमुलक क्षेत्रमा योजना कार्यन्वयन गरिनेछ ।
- नगरपालिका भित्र उद्योग धन्दा स्थापना एवं व्यवसाय प्रवर्द्धनको लागि लगानी मैत्री वातावरणको निर्माण गरिनेछ ।

- राडि पाखि लगायत सम्भावित स्थानीय लघु उद्यमको स्थापना मार्फत उद्यमशीलताको विकास गर्न उपयुक्त प्रस्तावपत्रको आधारमा लघुउद्यम प्रोत्साहन, अनुदान तथा सहुलियत ऋणको व्यवस्था गर्न आवश्यक ब्यबस्था गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र एक औधोगिक ग्राम निर्माणका लागि डिपिआर तयार गरिने छ ।
- सामाजिक, धार्मिक, सास्कृतिक पहिचानलाई प्रचार प्रसार गर्ने र आर्थिक उपार्जन गर्ने उद्देश्यका साथ होमस्टे अवद्यारणालाई पहिचान गरि विकास गर्न सरोकारवालासँग आवश्यक छलफल गरिनेछ ।

७. **राजश्व संकलन र परिचालन तर्फः**

- करको दर हैन दायरा वृद्धि गर्ने सिद्धान्त अनुरुप प्रगतिशील कर प्रणालीको रुपमा रहेको सम्पती कर मार्फत कर, शुल्क, जरिवाना प्राप्त गर्ने कार्यलाई निरन्तरता दिईने छ, मर्कामा परेका करदाताहरुको अध्ययन गरि उपयुक्त निस्कर्षमा पुगिने छ ।
- आम जनतामा कर तथा राजश्वको महत्वका बारेमा जनचेतना विस्तार गरिनेछ ।
- राजश्व प्राप्तिका मुख्य स्रोतहरुः सम्पत्ति कर, घर नक्सा पास दस्तुर, व्यवसाय कर, बहाल विटौरी शुल्क, सम्पत्ति मुंल्याङ्कन शुल्क, सिफारिस दस्तुरलाई समयानुकुल परिमार्जन गरिनेछ ।

८. **भुमी व्यवस्थापनः**

- मादी नगर अन्तर्गतका भूमी माथीको द्वैध स्वामित्व अन्त्य गर्नको लागी आवश्यक सूचना संकलन र मेलमिलाप तथा कानूनी प्रकृया पुरा गर्न गठित भूमी माथिको द्वैध स्वामित्व समाधान समिति लाई सकृय वनाई उक्त कार्यलाई तिब्रता दिईने छ ।
- मादी नगर भित्र बसोबास गर्ने सुकुम्बासीहरुलाई भुमि समस्या समाधान आयोग मार्फत बसोवासको लागि नियमानुसार जग्गाको प्रबन्ध गरिने छ ।

१०. **न्याय सम्पादन तर्फः**

- कानूनको नजरमा सबै समान हुन्छन् भन्ने सिद्धान्त अनुरुप छिटो कानूनी उपचार तथा न्याय प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।
- न्ययिक समितिलाई न्ययिक निरुपण गर्ने साथै व्यवस्थापन गरिनेछ ।
- प्रत्येक वडा कार्यालयमा मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।
- वाल विवाह झै-झगडा जस्ता सामाजिक विकृतिलाई दुरुत्सान गरिनेछ ।

११.शान्ति सुरक्षा तर्फः

- शान्ति सुरक्षाका जोखिम र घटनालाई न्युनिकरण गर्न नेपाल प्रहरी, र सरोकारवालासँग आवश्यक समन्वय गरिनेछ ।

प्रस्तोताः– जीवन लिंथेप (नगर प्रमुख)
मादी नगरपालिका, संखुवासभा